प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटवल, रुपन्देही

## सेवा करारमा लिने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८१/०९/१२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, लुम्बिनी प्रदेश कार्यालय अन्तर्गतका तपसिल बमोजिमका शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८२ असार मसान्तसम्मको लागि प्राविधिक तर्फका व्यक्ति सेवा करारमा लिनु पर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१।०९।२६) भित्र तोकिएको शिक्षालयहरुका लागि आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, तोकिएको दस्तुर ( बैंक भौचर तथा अनलाइन पेमेन्टको रसिद) र अन्य आवश्यक कागजातहरुको Scan कपि अनलाइन माध्यमबाट अपलोड गरी दरखास्त दिनुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अनलाइन आवेदनको लागि वेवसाईटमा राखिएको https://forms.gle/WbpRAGhyksjPtky87 लिंकमा गई आवेदन दिन सकिने छ । साथै पद, न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम परीक्षा प्रणाली, काम गर्नुपर्ने स्थान, तलब भत्ता तथा अन्य सुविधा, दरखास्त दस्तुर आदि) परिषद् कार्यालयको वेवसाइट www.ctevt.org.np वा www.ctevtp5.org.np मा हेर्न सकिने छ ।

**का.मु.निर्देशक**

**परिषद्, लुम्बिनी प्रदेश कार्यालय अन्तर्गतका शिक्षालयहरुका लागि आवश्यक पदहरु र सम्बन्धित विवरणहरु**

| विज्ञापन नं. | पद | श्रेणी | पद संख्या | काम गर्नुपर्ने शिक्षालय | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १-२०८१/०८२ | जियोम्याट्रिक्स प्रशिक्षक | अधिकृत स्तर तृतीय | १ | जीवराज आश्रित बहुप्राविधिक शिक्षालय, इस्मा, गुल्मी | मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोम्याट्रिक्स ईन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तीर्ण गरेको वा सो सरह उर्तीण |
| २-२०८१/०८२ | स्वास्थ्य प्रशिक्षक | अधिकृत स्तर तृतीय | १ | शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ । | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य विषयमा एम.वि.वि. एस, वि.पि.एच. वा सो सरह उत्तीर्ण । |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटबल, रुपन्देही

## सेवा करारमा लिने सम्बन्धी अत्यन्त जरुरी सूचना

| | | | | | |
|---|---|---|---|---|---|
| ३-२०८१/०८२ | सहायक लेक्चरर भौतिक शास्त्र | अधिकृत स्तर तृतीय | १ | एग्रो फरेष्ट्री बहुप्राविधिक शिक्षालय, मथुरा, अर्घाखाँची | मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ४-२०८१/०८२ | सहायक लेक्चरर रसायन शास्त्र | अधिकृत स्तर तृतीय | १ | शहीद कृष्णसेन इच्छुक बहुप्राविधिक शिक्षालय, घोराही, दाङ । | मान्यता प्राप्त शिक्षण संस्थाबाट रसायन शास्त्रमा स्नातककोत्तर तह वा सो सरह उत्तीर्ण । |
| ५-२०८१/०८२ | इलेक्ट्रिकल प्रशिक्षक | अधिकृत स्तर तृतीय | १ | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही । | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ६-२०८१/०८२ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय | २<br>१<br>१ | एग्रो फरेष्ट्री बहुप्राविधिक शिक्षालय, मथुरा, अर्घाखाँची<br>रोल्पा बहुप्राविधिक शिक्षालय, रोल्पा,<br>तुराङ बहुप्राविधिक शिक्षालय, चन्द्रकोट, गुल्मी | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि ( पशु विज्ञान/पशुपालन) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ७-२०८१/०८२ | सूचना प्रविधि प्रशिक्षक (IT प्रशिक्षक) | अधिकृत स्तर तृतीय | २ | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही । | मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्फरमेशन टेक्नोलोजी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण । |
| ८-२०८१/०८२ | सूचना प्रविधि सहाक प्रशिक्षक (IT सहायक प्रशिक्षक) | सहायक स्तर प्रथम | १ | रोल्पा बहुप्राविधिक शिक्षालय, रोल्पा । | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण वा सीप परीक्षण तह ३ उत्तीर्ण । |
| ९-२०८१/०८२ | मेकानिकल प्रशिक्षण सहायक | सहायक स्तर द्वितीय | १ | कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल विषयमा प्राविधिक एस.एल.सी. वा सो सरह उत्तीर्ण वा सीप परीक्षण तह २ उत्तीर्ण |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटबल, रुपन्देही

## सेवा करारमा लिने सम्बन्धी अत्यन्त जरुरी सूचना

| | |
|---|---|
| १ | **उम्मेदवारको उमेर हद :** अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक र सहायक स्तर प्राविधिक पदका लागि २१ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ । उमेर भन्नाल कुनै पदको लागि दरखास्त दिने अन्तिम मितिमा पुरा हुने उमेर सम्झनु पर्दछ । |
| २ | समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपि स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| ३ | प्राविधिक तथा प्रशिक्षण सेवा अर्न्तगत प्राविधिक पदमा दरखास्त दिने उम्मेदवारहरुले पेशा व्यावसायको काम गर्न सम्बन्धीत पेशागत परिषद्मा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा सम्बन्धीत परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि दरखास्त बुझाउने अन्तिम म्यादभित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । |
| ४ | **तलब भत्ता तथा अन्य सुविधाः** परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ २०६९ (छैठौं संशोधन सहित) बमोजिम हुनेछ । |
| ५ | **कार्य गर्नुपर्ने स्थान** : परिषद्को कार्यालयबाट तोकिएका आंगिक शिक्षालयहरुमा जुन शिक्षालयको लागि फाराम भरेको हो सोही शिक्षालयमा मात्र कार्य गर्नुपर्ने छ । |
| ६ | सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो फारा स्वीकृत भएको पाईएमा जुनसुकै वखत पनि स्वतः रद्ध हुनेछ । |
| ७ | पाठ्यक्रम परिषद्को वेवसाइटमा गई Career बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्नुपर्नेछ । |
| ८ | **दरखास्त दस्तुर बुझाउने विधि** : अनलाइन फाराममा राखिएको परिषद्, लुम्बिनी प्रदेश कार्यालयको खाता भएको QR कोड स्क्यान गरी रिमार्कमा नाम र पद जनाई देहायको श्रेणी अनुसारको तोकिएको परीक्षा दस्तुर बुझाई सो को भुक्तानी गरिएको रिसिप्ट/भौचर पेमेन्ट प्रुफ ट्यावमा अप्लोड गर्नुपर्नेछ । **अप्लोड गरिएको भौचर निजको हो भन्ने कुनै आधार नभएमा आवेदन स्वतः रद्द हुनेछ ।** |
| ९ | **दरखास्त दस्तुर**<br><table><tr><th>क्र.सं.</th><th>श्रेणी</th><th>परीक्षा दस्तुर</th></tr><tr><td>१</td><td>अधिकृत स्तर तृतीय</td><td>१०००/-</td></tr><tr><td>२</td><td>सहायक स्तर प्रथम</td><td>५००/-</td></tr><tr><td>३</td><td>सहायक स्तर द्धितीय</td><td>३००/-</td></tr></table> |
| १० | **परीक्षाको किसिम तथा अंकभार** : अंकभार तथा प्रतियोगिताको किसिम तथा सेवा सम्बन्धी दोस्रो पत्रबाट मात्र १ (एक) घण्टाको समयमा लिईनेछ । वस्तुगत बहुउत्तर प्रश्न संख्या ५० र प्रति प्रश्न अंक २ हुनेछ । कुल पूणङ्क १०० र उत्तिर्णङ्क ४० हुनेछ । |
| ११ | उपर्युक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिनको एकै समयमा हुनेछ । |
| १२ | यस सूचनामा यल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९ (छैठौं संशोधन सहित) र अन्य प्रचलित कानून बमोजिम हुनेछ । |
| १३ | अनलाईन फाराम Submit गरे पश्चात कन्फरमेशनको लागि ९८६७१०२५०३ वा ९८६१००००९६ वा ९८५७०४४०१८ मा सम्पर्क गर्नुहोला । |

**नोट- स्वीकृत उम्मेदवारको नामावली र परीक्षा संचालन हुने मिति पछि प्रकाशन गरिनेछ ।**

ईमेल:ctevtprovince5@gmail.com,exam.ctevtp5@gmail.com, वेभ साइटः www.ctevtlp.org.np
सूचना अधिकारी: ९८५७०४४०१८